नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

सिंहदरवार, काठमाडौं

**राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अपरेटर करारमा भर्नाका लागि दरखास्त आह्वानको सूचना**

**सूचना प्रकाशन मितिः २०७६।०८।२३**

सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत घुम्ती सेवा सञ्चालनमार्फत नागरिकका विवरणहरु सङ्कलन गर्ने कार्यका लागि तल उल्लेखित जिल्लाहरुमा कार्य गर्ने गरी विवरण दर्ता अपरेटर खुला प्रतिस्पर्धाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०७६।९।७ गते भित्र सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा रु. १०।- को टिकट टाँसी दरखास्त फाराम भरी पेश गर्न दरखास्त आह्वान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्नेछ ।

**१. जिल्लागत आवश्यक संख्याः**

| क्र.सं. | जिल्ला | आवश्यक संख्या | लिखित परीक्षा मिति | क्र.सं. | जिल्ला | आवश्यक संख्या | लिखित परीक्षा मिति | परीक्षाकेन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| १. | झापा | १६४ | २०७६।०९।१९ गते दिनको १:०० बजे | ४. | संखुवासभा | ४० | २०७६।०९।२६ गते दिनको १:०० बजे | सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तोकेको स्थान |
| २. | ललितपुर | ११७ | | ५. | गुल्मी | ७१ | | |
| ३. | कञ्चनपुर | ९१ | | ६. | चितवन | ११७ | | |

**२. आवश्यक योग्यताः**

क) **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक ।

ख) **न्यूनतम शैक्षिक योग्यता तथा तालिमः** प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको तथा कम्तिमा ३ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह वा सो भन्दा माथिल्लो तहमा १०० पूर्णाङ्कको कम्प्युटर विषय राखी उक्त तह उत्तीर्ण गरेको भएमा छुट्टै तालिमको प्रमाणपत्र आवश्यक नपर्ने ।

ग) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको।

३. **तलबः** दैनिक रु. १२००।- को दरले मासिक पारिश्रमिक उपलब्ध गराइनेछ । सार्वजनिक विदाको दिनमा समेत काम गर्नुपर्नेछ ।

४. आवेदन दस्तुर - निःशुल्क

५. **दरखास्त दिने तरीकाः** **दरखास्त फाराम तथा पाठ्यक्रम र छनौट सम्बन्धी आधारहरु** विभागको वेबसाइट https://donidcr.gov.np वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

६. **करार सम्झौता र अवधिः** पहिलो पटकको लागि कम्तिमा ३ महिनाको करार सम्झौता सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट हुनेछ । तोकिए बमोजिमको कार्य सम्पादन हुन नसकेमा जुनसुकै समयमा करार रद्ध गर्न सकिनेछ। काम सन्तोषजनक भएमा आवश्यकता अनुसार करार अवधी थप गर्न तथा अन्य जिल्लामा समेत खटाई कामकाज गराउन सकिनेछ ।

७. थप जानकारीका लागि सम्पर्क नं. ९८५११७३७४४, ९८५१०७३८०३, ९८४१६३४६३४, ९८४११४४७२०